**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः २३ मार्च २०२६**
समयः १८:५० - १९:०५ बजे *(अवधि १५ मिनट)*

**<u>प्रमुख समाचार</u>**

१. प्रधानमन्त्री नरेन्द्र मोदीले भन्नुभएको छ, पश्चिम एसियामा जारी संघर्षको बाबजुद भारतमा ऊर्जा सुरक्षाको कुनै संकट छैन।

२. तृणमूल कांग्रेसको डाबग्राम-फुलबारी विधानसभा क्षेत्रमा आगामी २५ मार्चमा हुने जनसभामा राज्यकी मुख्यमन्त्री ममता ब्यानर्जी सहभागी हुनु हुनेछ।

३. दार्जिलिङ जिल्ला पुलिस अधीक्षक (एसपी) आईपीएस प्रतिक्षा झारखियाले विधानसभा चुनाउको तयारीलाई लिएर आज खरसाङ पुलिस थानाको निरीक्षण गर्नु भयो।

४. मङ्पूको चौरास्तामा भीषण आगलागीमा चारवटा घरहरु र एउटा दोकान जलेर नष्ट भएको छ। जीटीया प्रमुख अनित थापाद्वारा भ्रमण गरिएको छ |

५. आगामी विधानसभा चुनावको पूर्व सुरक्षा व्यवस्थालाई सुदृढ पार्ने उद्देश्यले आज सिलगढीमा केन्द्रीय बलद्वारा रुट मार्च गरिएको छ।

**<u>लोकसभा - प्रधानमन्त्री</u>**

प्रधानमन्त्री नरेन्द्र मोदीले भन्नुभएको छ पश्चिम एसियामा जारी संघर्षको बाबजुद भारतमा ऊर्जा सुरक्षाको कुनै संकट छैन। श्री मोदीले आज लोकसभामा पश्चिम एसिया संघर्ष बारे बयान दिनुभयो। यस मुद्दामा भारतको अडान स्पष्ट पार्दै श्री मोदीले देशभरि पेट्रोल र डिजेलको आपूर्ति सुचारु रूपमा जारी रहेको बताउनुभयो।उहाँले भन्नुभयो भारतमा 53 लाख मेट्रिक टनभन्दा बढीको महत्वपूर्ण पेट्रोलियम भण्डार छ। श्री मोदीले सदनलाई जानकारी गराउँदै भन्नुभयो 65 लाख मेट्रिक टनभन्दा बढीको थप भण्डारणको व्यवस्था गर्ने काम भइरहेको छ।उहाँले भन्नुभयो विगत एघार वर्षमा देशको शोधन क्षमतामा उल्लेखनीय वृद्धि भएको छ। प्रधानमन्त्रीले भन्नुभयो सरकार विभिन्न देशका आपूर्तिकर्ताहरूसित निरन्तर सम्पर्कमा छ र सम्भव भएसम्म स्रोतहरूबाट तेल र ग्यासको निरन्तर आपूर्ति सुनिश्चित गर्न प्रयास भइरहेको छ।प्रधानमन्त्रीले भन्नुभयो यो संघर्ष तीन साताभन्दा बढी समयदेखि जारी रहेको र यसले वैश्विक अर्थव्यवस्था र मानिसहरुको जीवनमा गम्भीर प्रभाव पारिरहेको छ। उहाँले भन्नुभयो वर्तमान परिस्थितिलाई ध्यानमा राख्दै विश्वले यस संघर्षको शीघ्र समाधानका लागि सबै पक्षहरूसित आग्रह गरिरहेको छ।

प्रधानमन्त्रीले यस गम्भीर स्थितिमा देश र विदेशमा बस्ने भारतीयहरूको सुरक्षा सरकारको सर्वोच्च प्राथमिकता रहेको बताउनुभयो। श्री मोदीले संघर्ष सुरु भएदेखि हालसम्म 3 लाख 75 हजार भन्दा बढी भारतीयहरू सुरक्षित रूपमा देश फर्किएको बताउनुभयो।उहाँले भन्नुभयो अहिलेसम्म लगभग 1 हजार भारतीय इरानबाट सुरक्षित रूपमा फर्किएका छन्। प्रधानमन्त्री मोदीले भन्नुभयो प्रभावित मानिसहरुहरूलाई तत्काल जानकारी प्रदान गर्न भारतका साथै अन्य प्रभावित देशहरूमा 24 घण्टा नियन्त्रण कक्ष र आपतकालीन हेल्पलाइन स्थापित गरिएको छ। प्रधानमन्त्रीले भन्नुभयो भारतले आफ्नो एलपीजीको 60 प्रतिशत

**<u>मुख्यमन्त्री ममताको जनसभा हुने</u>**

आगामी विधानसभा चुनावलाई ध्यानमा राख्दै, तृणमूल कांग्रेसले डाबग्राम-फुलबारी विधानसभा क्षेत्रमा आफ्नो तयारी तीव्र पारेको छ। २५ मार्चमा राज्यकी मुख्यमन्त्री ममता ब्यानर्जी पूर्वी बाइपास नजिकै रहेको जबरा भिटा स्कूल मैदानमा आयोजना हुने विशाल सार्वजनिक ऱ्यालीमा सहभागी हुनु हुनेछ। तृणमूल कांग्रेसका उम्मेदवार रञ्जन शील शर्माको समर्थनमा यो सार्वजनिक ऱ्याली आयोजना गरिएको छ। पार्टी स्रोतका अनुसार, मुख्यमन्त्रीले यस मञ्चबाट चुनावी रणनीति र भविष्यका योजनाहरू सम्बन्धी महत्त्वपूर्ण सन्देशहरू दिनुहुनेछ।
ऱ्यालीलाई लिएर राजनीतिक वातावरण तातिएको छ र ठूलो जनसहभागिताको अपेक्षा गरिएको छ। कार्यक्रममा राज्य र जिल्ला दुवै स्तरका धेरै वरिष्ठ नेताहरू पनि उपस्थित हुनेछन्। आज सिलगुडीका पुलिस आयुक्त सैयद वकार रजाले सार्वजनिक ऱ्यालीको तयारीको समीक्षा गर्न स्थलको भ्रमण गर्नु भयो। उहाँले सुरक्षा र बन्दोबस्तको बारेमा आयोजकहरूसँग विस्तृत छलफल गर्नु भयो। यस भ्रमणको क्रममा उम्मेदवार रञ्जन शील शर्म सहित धेरै पार्टी नेताहरू पनि उपस्थित थिए।

## शहीद दिवसमा श्रद्धाञ्जली

राष्ट्रले आज महान स्वतन्त्रता सेनानी भगत सिंह, राजगुरु र सुखदेवलाई उहाँहरूको शहीद दिवसमा श्रद्धाञ्जली अर्पण गरिरहेको छ। यी तीनैजनालाई वर्ष 1931 मा आजकै दिन लाहोरको केन्द्रीय जेलमा फाँसी दिइएको थियो।यी तीन क्रान्तिकारीहरूलाई 17 दिसंबर, 1928 मा ब्रिटिश पुलिस अधिकारी सान्डर्सको गोली हानी हत्या गरेको आरोप लगाइएको थियो। प्रधानमन्त्री नरेन्द्र मोदीले आज शहीद दिवसको अवसरमा महान स्वतन्त्रता सेनानी भगत सिंह, राजगुरु र सुखदेवलाई हार्दिक श्रद्धाञ्जली अर्पित गर्नु भयो।
प्रधानमन्त्री मोदीले सामाजिक संजाल पोष्टमा लेख्नु भएको छ, हामी भारत माताका वीर सपुतहरू भगत सिंह, राजगुरु र सुखदेवलाई श्रद्धाञ्जली अर्पण गर्दछौं। राष्ट्रको लागि उनीहरूको बलिदान हाम्रो सामूहिक स्मृतिमा कोरिएको छ। सानै उमेरमा उनीहरूले असाधारण साहस र भारतको स्वतन्त्रताप्रति अटल प्रतिबद्धता प्रदर्शन गरे।
त्यसरी नै उपराष्ट्रपति सीपी राधाकृष्णन, लोकसभा अध्यक्ष ओम बिरला र गृहमन्त्री अमित शाह लगायत अन्य धेरै नेताहरूले शहीद दिवसमा भगत सिंह, राजगुरु र सुखदेवलाई श्रद्धाञ्जली अर्पण गर्नु भएको छ। उप राष्ट्रपतिले भगत सिंह, राजगुरु र सुखदेवको शहीद दिवसमा स्वतन्त्रता संग्रामका यी अमर नायकहरूलाई हार्दिक श्रद्धाञ्जली अर्पण गर्नु भयो। उहाँले भन्नु भयो, राष्ट्रको लागि उनीहरूको अदम्य साहस, दृढ़ संकल्प र सर्वोच्च बलिदान देशभक्ति र निःस्वार्थ सेवाको सर्वोच्च आदर्शको प्रतीक हो।

## शहीद दिवसमा मुख्यमन्त्री श्रद्धाञ्जली अर्पण

पश्चिम बंगालकी मुख्यमन्त्री ममता ब्यानर्जीले आज शहीद दिवसको अवसरमा स्वतन्त्रता सेनानी भगत सिंह, शिवराम हरि राजगुरु औ सुखदेव थापरलाई श्रद्धाञ्जली अर्पण गर्नु भयो। सोशल मीडियामा गरिएको आफ्नो पोस्टमा मुख्यमन्त्री ममता ब्यानर्जीले भन्नु भयो, यी वीर क्रान्तिकारीहरूको साहस देशको लोकतान्त्रिक मूल्यहरूको आधार हो। उहाँले भन्नु भयो, शहीद दिवसको यस अवसरमा हामीलाई न्याय र स्वतन्त्रताका ती आदेशहरूलाई कायम राख्ने संकल्प लिनुपर्छ जसको लागि यी महान सेनानीहरूले आफ्नो सर्वोच्च बलिदान दिए।
मुख्यमन्त्रीले आफ्नो सन्देशको अन्तमा भन्नु भयो, उनीहरूको यो बलिदानलाई कहिल्यै भुल्न सकिंदैन। उहाँले ‘‘जय हिन्द’’-को साथमा आफ्नो सन्देशलाई समाप्त गर्नु भएको थियो।

## दार्जिलिङ जिल्ला पुलिस अधीक्षक

दार्जिलिङ जिल्ला पुलिस अधीक्षक (एसपी) आईपीएस प्रतिक्षा झारखियाले विधानसभा चुनाउको तयारीलाई लिएर निर्वाचन आयोगको निर्देशन अनुसार विभिन्न पुलिस थानाहरुको निरीक्षणको क्रममा आज खरसाङ पुलिस थानाको निरीक्षण गर्नु भयो। खरसाङ पुलिस थानामा आइपुगनु भएकी जिल्ला पुलिस अधिक्षक प्रतिक्षा झारखियालाई खरसाङ महकुमा पुलिस अधिकारी आईपीएस निरझा अनिस शाह, खरसाङ थानाका आईसी पलास माहातो लगायत अन्यहरुले स्वागत जनाएका थिए। जिल्ला पुलिस अधीक्षककले खरसाङ पुलिस थानाको निरीक्षण गर्नु भयो। यसावधि उहाँले खरसाङ पुलिस थानाका पुलिस अधिकारीहरुसित विभिन्न विषयमा बैठक पनि गर्नु भयो। त्यसपछि उहाँले पत्रकारहरुलाई सम्बोधन गर्नु हुँदै चुनाउ आयोगको निर्देशन अनुसार दार्जिलिङ जिल्लाका विभिन्न पुलिस थानाहरुको निरीक्षण गरिरहेको र यसै क्रममा आज खरसाङ पुलिस थानाको

निरीक्षणमा आएको बताउनु भयो। उहाँले निर्वाचन आयोगको चुनाउ विषयमा छवटा दिशा निर्देशनहरु विषयमा जानकारी गराउनु भयो।

**बाइट**

## चुनाव अघि विभिन्न एजेन्सीको कारबाही

पश्चिम बंगाल विधानसभा चुनाव अघि विभिन्न एजेन्सीहरूले महत्वपूर्ण कारबाही गरेका छन्, जसमा हालसम्म जम्मा 181.31 करोड़ रुपियाँ नगद, मदिरा, लागूऔषध र बहुमूल्य धातुहरू जफत गरिएको छ। यसैबीच नगद जफ्तको मात्र संख्या 282.33 लाख रुपियाँ पुगेको छ। भारतको निर्वाचन आयोगले चुनाव स्वतन्त्र र निष्पक्ष होस् भनी सुनिश्चित गर्न राज्यभर कडा निगरानी भइरहेको बताएको छ। आयोगले सामान्य पर्यवेक्षक, पुलिस पर्यवेक्षक, जिल्ला निर्वाचन अधिकारी र निर्वाचन अधिकारीदेखि पुलिस महानिदेशक र स्टेशन हाउस अधिकारीहरूसम्म सबैलाई उच्च स्तरको सतर्कता कायम राख्न निर्देशन जारी गरेको छ।

## मङ्पु आगलागी – अनित

मङ्पुको चौरास्तामा राति आगो लागेर छवटा घर ध्वस्त भएको स्थानमा गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनको प्रमुख कार्यपाल अनित थापा आज पुग्नु भएर अग्नि पीडितलाई भेट्नु भएको छ। उहाँको भ्रमणको समय स्थानीय खण्ड विकास अधिकारी पनि उपस्थित हुनुहुन्थ्यो। यस भ्रमणको समय उहाँले भन्नु भयो, खण्ड विकासले पीडित पक्षलाई पीडितको आग्जनीमा ध्वस्त भएको घर पुनर्निर्माण गर्न सहायता दिनेछन् तर सरकारले दिने रकम थोरै रहने कुरा उहाँले जानकारी दिए त्यसर्थ मैले पीडितलाई वचन दिएको छु कि घर पुनर्निर्माण गर्न रहल रकम म थपेर दिनेछु।'

## मङ्पूको आगलागी

मङ्पूको चौरास्तामा भीषण आगलागीमा चारवटा घरहरु र एउटा दोकान जलेर नष्ट भएको छ। यस घटनामा एक महिला पनि घाइते भएकी छन्। उक्त आगलागीपछि स्थानीय बासिन्दाहरूले क्षेत्रमै अग्निशमन केन्द्र स्थापना गर्नुपर्ने माग तीव्र रूपमा उठाएका छन्। स्थानीय व्यक्तिहरूका अनुसार आज बिहान मङ्पूको चौरास्तामा आगलागी हुँदा स्थानीय चारवटा घरहरु र एउटा दोकानमा आगो लाग्यो। आगोको चपेटामा परेर घर र दोकान पूर्ण रूपमा नष्ट भएको छ। आगोले पीडित परिवारलाई ठूलो क्षति भएको छ।

## मेयर गौतम देव

सिलगढ़ी नगरनिगमको वार्ड नम्बर- 30 स्थित तराई स्कूल मैदानमा जनसम्पर्क अभियानको क्रममा मेयर गौतम देवलाई मिश्रित अनुभव प्राप्त भयो। एकातिर उहाँलाई विद्यार्थी नानीहरूसित क्रिकेट खेलिरहेको देखियो भने अर्कोतिर उहाँलाई स्थानीय मानिसहरूको चर्को प्रश्नहरूको समना पनि गर्नुपऱ्यो। आज बिहानदेखिकै उहाँले क्षेत्रमा मर्निंग वक गरिरहेका मानिसहरूसित बातचित गरी प्रचार शुरू गर्नु भयो। जनसम्पर्क अन्तर्गत तराई स्कूल मैदानमा नानीहरूसित केही समय क्रिकेट पनि खेल्नु भयो जसबाट माहोल हल्का तथा सकारात्मक भयो। तथापि प्रचार अवधि स्थानीय मानिसहरूले शहरका पुराना समस्याहरूलाई लिएर सोझै प्रश्न उठाए। उनीहरूले पिउने पानीको अभाव, जीर्ण फुटपाथ तथा हरियालीको अभाव जस्ता मुद्दाहरूमा असन्तुष्टि व्यक्त गरे। एकजना महिलाले प्रश्न गरिन्, सत्तामा हुँदा यी आधारभूत समस्याहरूको समाधानको लागि ठोस कदम किन उठाइएन? यस अवधि मानिसहरूले आफ्नो असन्तुष्टि खुलेर व्यक्त गरे भने मेयरले सबै प्रशनहरूको जवाफ दिने चेष्टा गर्नु भएको थियो।

## सिलगढीमा केन्द्रीय बलद्वारा रुट मार्च

आगामी विधानसभा चुनावको पूर्व सुरक्षा व्यवस्थालाई सुदृढ पार्ने उद्देश्यले आज सिलगढीमा केन्द्रीय बलद्वारा रुट मार्च गरिएको थियो। कार्यक्रममा सिलगढीका पुलिस आयुक्त सैयद वकार राजा र दार्जिलिङ जिल्ला मजिस्ट्रेट (डीएम) हरिशंकर पनिकर उपस्थित थिए। उनीहरूसँगै वरिष्ठ पुलिस अधिकारीहरूका साथै विभिन्न पुलिस स्टेशनका इन्चार्ज इन्स्पेक्टर (आईसी) र अफिसर इन चार्ज (ओसी) सहित केन्द्रीय बलहरूको ठूलो टोली पनि उपस्थित थियो। आम जनतामा सुरक्षा र विश्वासको वातावरण बनाउन रुट मार्च शहरका धेरै प्रमुख क्षेत्रहरू हुँदै गएको थियो।

**उत्तर बंगाल चुनाव बैठक**

भाजपाले हिजो सिलगडीमा उत्तर बंगालको एक महत्वपूर्ण संगठनात्मक बैठक आयोजना गऱ्यो। भाजपाको राज्य चुनाव प्रभारी तथा केन्द्रीय मन्त्री भूपेन्द्र यादव, राज्य प्रभारी तथा बिहारका मन्त्री मंगल पाण्डे, पार्टीका राष्ट्रिय महासचिव सुनील बंसल, सबै पार्टी सांसदहरू र अन्य वरिष्ठ नेताहरू उपस्थित थिए।

**********